**प्रस्ताब नं.४: वडाचौर मेला २०७५ व्यवस्थापन सम्बन्धमा ।**

**प्रस्तावको संक्षिप्त व्यहोरा:**

क) मेलाका व्यवसायीलाई कर लगाउने नलगाउने ?

ख) व्यवस्थापनका विषयमा केहि गर्नुपर्ने छ वा छैन ? छ भने कसले गर्ने ? भन्ने विषयमा छलफल गर्नु पर्ने

**हुनुपर्ने निर्णय:**

छलफल गरि निर्णयमा पुग्नु पर्ने ।

**निर्णय:**

हाललाई मेलामा व्यवसाय कर नलगाउने । खानेपानी लगायत श्रद्धालुहरुको सुविधालाई व्यवस्थित गर्न भैपरि आउने पूजिगत खर्च शिर्षकबाट रु ६००००। छुट्टाउने । मेलालाई भव्य र शभ्य तरिकाले सम्पन्न गर्न मेलामा पूर्णरुपमा मदिरा बिक्री वितरण तथा उपभोगमा बन्देज लगाउने र सो कार्यमा सहयोगका लागि जिल्ला प्रशासन कार्यालय रोल्पा, सुरक्षा निकायहरु र छिमेकी स्थानीय तहहरुलाई अनुरोध गर्ने । उपर्युक्त कार्यहरुको संयोजन रेखदेख गर्ने कार्य प्रमुख रुपमा गा.पा.अध्यक्ष र वडा नं ५ का अध्यक्षले गर्ने र सबै जनप्रतिनिधिले सहयोग गर्ने ।

**प्रस्ताब नं.५:**

अ.हे.व., अ.न.मी छनौट तथा तलब निर्धारण सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा:**

क) गाउँपालिकाका विभिन्न स्वास्थ्य चौकीहरुमा रिक्त रहेका अ.हे.व./अ.न.मि. छनौट गर्न यस गाउँपालिकाका स्वास्थ्य संयोजक श्री लेपेन्द्र बुढाथोकीको संयोजकत्वमा छनौट समिति गठन गर्ने ।

ख) पारिश्रमिक एकरुपता कायम गर्नु पर्ने,

अ.हे.ब. ..............................?

अ.न.मि. ...........................?

**हुनुपर्ने निर्णय:**

छलफल गरि निर्णयमा पुग्नु पर्ने ।

**निर्णय:**

गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य चौकीहरुको दरबन्दी अवस्था अध्यन गरि पेश गर्ने र अतिआवास्यक रिक्त स्थानमा विज्ञापन गरि पदपूर्ति गर्ने र अहेव अनमिको मासिक तलब रु १८००० कायम गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत